# विपद व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०२**

मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद व्यवस्थापन(सडक संचालन तथा वस्ती संरक्षण)को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुने गरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण ब्यबस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल:</u>

१. न्यूनतम दररेट ०.३×Tracked Excavator को कबोल दर + ०.५×Backhoe Excavator (Wheeled) को कबोल दर + ०.१×Tipper को कबोल दर + ०.१×Tractor को कबोल दर गरी कायम गरिनेछ ।

२. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा गाउँपालिकाले उपलब्ध गराएको फारममा सम्वन्धित वडा अध्यक्ष र प्राविधिक साइट इन्चार्जले प्रमाणित गरेको घण्टाको आधारमा प्रत्येक महिनाको अन्तिममा बिल उपलब्ध गराइनेछ ।

३. प्रत्येक पटक गर्ने कार्यको गाउँपालिकाबाट लिखित कार्यदिश लिनुपर्नेछ । तर तत्काल कार्यदिश लिन सम्भव नभएको भएमा पछि कार्यदिश लिने गरी गाउँपालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको मौखिक आदेशमा काम गर्न सकिनेछ ।

४. इच्छुक निर्माण व्यवसायीले सम्झौत्ता देखि असोज मसान्त सम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ ।

५. विपद व्यवस्थापनको कार्य गाउँपालिका क्षेत्र भित्र ११ वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ ।

६. इच्छुक निर्माण व्यवसायीले एक थान Tracked Excavator , दुई थान Backhoe Excavator (Wheeled) एक थान Tipper र दुई थान Tractor तयारी अवस्थामा राख्नुपर्नेछ । दररेट पेश गर्न चाहने निर्माण व्यवसायीसँग कम्तिमा एकवटा Backhoe Excavator (Wheeled) र एक थान Tipper वा Tractor आफ्नै नामको हुनुपर्नेछ ।उल्लेखित अन्य मेशिन कुनै निर्माण कम्पनी वा व्यवसायीसमेतसँग भाडामा लिई आपूर्ति गर्न सक्नेछ । यसरी अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एक भन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन ।

७. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै ब्यवस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ । यसका लागि गाउँपालिका समक्ष कुनै दावी गर्न पाइनेछैन ।

सोमराज दवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दूर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ ।

९. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु २५,००० ( अक्षरुपी पचिस हजार रुपैयाँ मात्र) बराबरको रकम यस गाउँपालिकाको NIC ASIA बैंक लिमिटेडमा रहेको खाता नं I-१-CA-०५१-२२७-८५-२४०५ मा धरौटी जम्मा गर्नुपर्नेछ ।

१०. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ५०,००० ( अक्षरुपी पचास हजार रुपैयाँ मात्र) को ४ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट विपद व्यवस्थापन कार्य गरिनेछ ।

११. नियमानुसार सूचना प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समयभित्र अपरान्ह १२ बजे यस गाउ कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ र यसरी दर्ता हुन आएका प्रस्तावपत्र १५ औ दिनको १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

१२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनेछैन ।

१३. खामवन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र ,कर चुक्ताको प्रमाणपत्र र मेशिन सम्वन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

१४. दररेट प्रस्ताव फाराम यस कार्यालयको वेबसाइट https://annapurnamunkaski.gov.np/ बाट download गर्न सकिनेछ ।

१५. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| क.स. | विवरण | परिमाण | स्पेशिफिकेशन | अधिकतम दर रेट (VAT बाहेक) |
|---|---|---|---|---|
| १ | Backhoe Excavator (Wheeled) | २ थान | Capacity: 90 HP or above | रू.२७९३.७७/घण्टा |
| २ | Tracked Excavator | १ थान | Capacity: 150HP or above | रू.४५६६ .४०/घण्टा |
| ३ | Tripper | १ थान | - | रू.१६३७.४७/घण्टा |
| ४ | Tractor | २ थान | - | रू.९६३.४७/घण्टा |

खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# विपद् व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट प्रस्ताव फाराम

श्री अन्नपूर्ण गाउँपालिका , गाउ कार्यपालिकाको कार्यालय
माछापोखरी , कास्की ।

**विषयः दररेट पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापनको कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुने गरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण व्यबस्थापन सहित) उपलव्ध गराउन मिति २०८०/०४/०२ गते प्रकाशित सूचना अनुसार दररेट पेश गर्न इच्छुक भएकोले रु २५,००० (पचिस हजार रुपैया मात्र) धरौटी बापत जम्मा गरेको सक्कलै भौचर र अन्य आवश्यक कागजातहरु संलग्न गरी दररेट प्रस्ताव सिलबन्दी गरी पेश गरेको छु ।

| क्र.स. | मेसिनको विवरण | परिमाण | स्पेशिफिकेशन | कबोल गरेको दररेट प्रति मेशिन ( VAT बाहेक) (रू. /घण्टा) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | Backhoe Loader (Wheeled) | २ थान | Capacity: 90 HP or above | | |
| २ | Tracked Excavator | १ थान | Capacity: 150HP or above | | |
| ३ | Tripper | १ थान | - | | |
| ४ | Tractor | २ थान | - | | |

हस्ताक्षर/छापः

प्रस्ताव पेश गर्ने फर्मको नाम :

संचालकको नामः

ठेगानाः

मितिः

सम्पर्क नं.:

CamScanner